# स्वतन्त्र पूर्व तथा सुसूचित सहमति

## Free Prior and Informed Consent (FPIC)

# जानकारी पुस्तिका

**प्रकाशक**

**आदिवासी तथा जनजाति गैरसरकारी संस्था महासंघ-नेपाल**

NGO Federation of Nepalese Indigenous Nationalities (NGO-FONIN)

बसन्तेश्वरल्ली-११, डिल्लीबजार

पोष्टबक्स नं.७२२९, काठमाडौं, नेपाल

टेलिफोनः ९७७-१-४४१७०६०/४४१६४५४

ईमेलः ngofonin.2004@gmail.com

वेब्साइटः www.ngofonin.org.np



**विषय वस्तु :**

१. पृष्ठभूमी

२. स्वतन्त्र पूर्व सुसूचित सहमति?

   १. शाब्दिक अर्थमा

   २. केही संस्थागत बुझाईहरू

   ३. सरल अर्थमा बुझ्नु पर्दा

      १. यसका आधारभूत तत्वहरू

      २. यसका आधारभूत विशेषताहरू

      ३. परामर्श र सहमतिबीचको भिन्नता

३. स्वतन्त्र पूर्व सुसूचित सहमतिका स्रोतहरू

४. कानुनी आधारहरू के के छन्?

५. प्रक्रियागत सिद्धान्तहरू

६. प्रकृयागत चरणहरू

   १. सामान्य चरणहरू

   २. विषयगत अवस्थाका चरणहरू

७. कार्यान्वयनका चुनौतीहरू

८. प्रस्तावित संयत्रको संरचना

## १.पृष्ठभूमी :

विश्वका प्राय सबै राष्ट्रहरूमा राज्यसत्तामा पहुँच रहेका शासकहरूले शासकीय संरचना, निर्णय र विकास निर्माणका प्रक्रियाहरूमा आदिवासी जनजाति समुदायहरूलाई सहभागि नगराई औद्यागेगिकिरण, आधुनिकीकरण र भूमण्डलीयकरणका मानवीय क्रियाकलापहरू गर्दै आएकाले परम्परागतरूपमा जीवन निर्वाह गरिरहेका विश्वका करोडौं आदिवासी जनजातिहरूलाई पुर्ख्यौली भूमी छाड्न वाध्य बनाइएका छन् । जसका कारणबाट उनिहरूको जीवन अस्तव्यस्त बनेको छ ।

इतिहासको लामोकालखण्डदेखी पुर्ख्यौली भूमी तथा भौगोलिक क्षेत्रहरूमा अवस्थित जल, जमिन, जंगल र जलवायुको अनुकुलतामा उपलब्ध हुने खाद्य सामाग्रीहरु, घरेलु उपयोगका सामाग्रीहरू, स्वास्थ्य उपचारका औषधीजन्य तत्वहरू र प्रकृतिअनुकुलतामा रहेको साँस्कृतिक, धार्मिक, आत्मीक तथा दैविक सम्बन्धले आदिवासी जनजातिलाई तिनीहरूको आफ्नो भूमिबाट हटाउँदा तिनीहरूको जीवनशैलीमा प्रतिकुल असर परी मानसिक विरामी, भौतिक जटिलता, विभिन्न प्रकारका रोगको संक्रमण हुने र अन्ततः अप्राकृतिक मृत्युलाई बढाउने भएकोले आदिवासी जनजातिलाई नयाँ ठाउँमा विस्थापन तथा स्थानान्तरण गराउनु मानवीय दृष्टिकोणले पनि अनुचित देखीएको छ ।

त्यसैगरी विश्व साम्राज्यीकरण र औपनिवेशीकरणको समयदेखी नै आदिवासी जनजातिहरूले तिनीहरूको भूमिमाथिको अतिक्रमण र तिनीहरूको प्रथाजनित कानून तथा राजनीतिक तथा प्रशासकीय संरचनालाई अमान्य गराउने कार्यको विरोध गर्दै आएको थियो । लिग अफ् नेशन्देखी संयुक्त राष्ट्रसंघको निर्माणकालदेखी नै आदिवासी जनजातिका प्रतिनिधिहरूले आफनो ऐतिहासिक तथा सामुदायिक भूमिमाथि आदिवासी समुदायको सामूहिक नियन्त्रण र निर्णय गर्ने सामूहिक अधिकार स्थापित हुनुपर्ने आवाज उठाउँदै



आइरहेको छ । यो आवाज आदिवासी जनजातिको आत्मनिर्णयको अधिकारसंग सम्बन्धित रहेको छ । यस अधिकारलाई विकास निर्माणका परियोजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनसमेतको चक्रीय प्रणालीमा सुनिश्चित गराउने संयत्रको विकास स्वरुप आदिवासी जनजातिलाई स्वतन्त्र पूर्व सुसूचीत सहमतिको अधिकार प्रदान गर्ने समझदारी भएको छ ।

आजको विश्व आधुनिकदेखी अत्याधुनिक प्रविधिहरूको विकासले कुनै एक भूभागमा रहेको व्यक्ति, समुदाय, समाजदेखी राष्ट्रसम्म एक अर्काका विचार, भाषा, संस्कृति, शैक्षिक, स्वास्थ्य तथा रोजगार पद्दति, कृषि प्रणाली, आर्थिक तथा व्यापारिक पद्दति, बजार व्यवस्थापन, जिवनशैली र राज्यसंचालनका राजनीतिक प्रणालीहरू समेतबाट प्रभावित भएका छन् । परिणामस्वरूप जीवन पद्दतिलाई प्रभावपार्ने क्रियाकलापहरू गर्न गराउन लिइने निर्णयहरूमा शक्तिका स्रोत्रहरू जस्तै- राज्यपक्षका शासकहरू तथा सत्तापक्षका राजनीतिक दलहरू, निजि क्षेत्रका लगानिकर्ता तथा उद्योगी वा व्यापारीहरू र सर्वसाधारण मानिसको जीवन निर्वाहदेखी गुणस्तरीय जीवनशैलीको पैरवी गर्ने नागरिक समाजका विभिन्न पक्षहरू आदि रहेको पाइन्छ ।

आदिवासी जनजातिका समुदायलाई नागरिक समाजकै अंशकोरूपमा गैरआदिवासीहरूले बुझ्ने गरेको भए तापनि आदिवासी जनजातिहरूले अधिकारवाहकको रूपमा भिन्न पहिचान र आत्मनिर्णयको विशिष्ट सामूहिक अधिकार प्राप्त संगठित समाजकोरूपमा दावी गर्दै आइरहेको छ र संयुक्त राष्ट्रसंघीय महासभाले १३ सेप्टेम्बर २००७ मा पारित गरेको आदिवासी जनजातिका अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रले आदिवासी जनजातिहरूलाई स्वतन्त्र, पूर्व तथा सुसूचित सहमतीको अधिकार सुनिश्चित गरेको छ । जसलाई अंग्रेजीमा Free Prior

and Informed Consent र छोटकरीमा एफ्पीआईसी (FPIC) वा एफ्पीक भन्ने गरिन्छ ।

उक्त स्वतन्त्र, पूर्व तथा सुसूचित अधिकार अर्थात एफ्पीआईसीको बारेमा सर्वसाधारणकालागि बुझ्न सरल होस् भन्ने अभिप्राय यस पुस्तिकाको रहेको छ ।

स्वतन्त्र, पूर्व तथा सुसूचित सहमतिलाई स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी पनि भनिने हुनाले यस पुस्तिकामा यी दुवैलाई एकै अर्थमा अपनाइएको छ ।

## १. स्वतन्त्र पूर्व तथा सुसूचित सहमति शाब्दिक अर्थमा :

१. स्वतन्त्र शब्दको अर्थ अरू कसैको बन्धन, दबाउ, अधीन आदिमा नरही आफ्नै तन्त्र वा शासनमा रहन र त्यसै माध्यमले स्वयं सोचीबुझी काम गर्न सक्ने वा पाउने, स्वाधीन तथा अरूको अवलम्बन, आधार वा आश्रय केही नभएको र कुनै प्रकारको शासनिक बाधा, रोकावट, बन्धन आदि नभई उचित तथा सङ्गत काम र व्यवहार स्वयं गर्न पाउने अकिार वा शक्ति, स्वातन्त्र्य बुझिन्छ ।[1]

२. पूर्व शब्दको अर्थ अग्रिम वा कुनै कार्य हुनुभन्दा अगावै । कुनै कार्य गर्नकालागि पर्याप्त जानकारी हासिल गर्न र सोमाथि समुदायमा सामूहिकरूपमा विचार विमर्श गरी निर्णय गर्न लाग्ने समय हो ।

३. सुसूचित शब्दको अर्थ कुनै पनि कार्य गरिने योजना निर्माण गर्नु अघिनै जे कार्य गरिने हो सोको बारेमा सम्पूर्णजानकारी हुनु हो ।

४. सहमती शब्दको अर्थ कुनै पनि कार्य गर्न वा नगर्नकोलागि दिइने मञ्जुरी हो ।

[1] नेपाली बृहत् शब्दकोश, पृ.१३१६, नेपाल प्रज्ञा प्रतिष्ठान-२०६०



### स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी (एफ्पीआईसी)

स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी एक संयन्त्र र प्रक्रिया हो, जहाँबाट आदिवासी जनजातिहरूले उनीहरूलाई असर गर्ने वा उनीहरूसँग सम्बन्धित विषयमा सामूहिक निर्णय लिन्छन् । यसलाई उनीहरूको जमिन, क्षेत्रफल र स्रोत तथा आत्मनिर्णय र सांस्कृतिक एकरूपताको अधिकारको अभ्यासका रुपमा लिन सकिन्छ ।

यो अन्तरक्रियात्मक प्रक्रिया पनि हो । यस प्रक्रियालाई विश्वासका आधारमा निर्माण हुने आपसी सम्मान र आदिवासी जनजातिहरूलाई असर गर्ने विषयको निर्णायक तहमा अर्थपूर्ण सहभागिताको रूपमा बुझ्न सकिन्छ । यसमा शृङखलाबद्ध छलफल हुन्छ । वार्तालाप हुन्छ । आदान-प्रदान हुन्छ । यस्तै आदिवासी जनजाति र परियोजना बनाउने, कार्यान्वयन गर्ने, अनुगमन गर्ने लगायत कार्यमा संलग्न तथा उक्त योजना सञ्चालनकालागि अनुमति खोजिरहेकाहरूबीच दुई पक्षीय छलफल हुन्छ । यसरी स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरीले आदिवासी जनजातिहरूलाई असर गर्ने कुनै पनि परियोजनासम्बन्धी सम्पूर्ण प्रक्रियाहरूमा उनीहरूको पूर्ण र प्रभावकारी सहभागिताको सुनिश्चितता गर्नेछ ।

*स्रोतः अधिकारको कार्यान्वयन, आदिवासी जनजातिहरूकालागि स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी (एफ्पीआईसी),* PACC/AIPP

## ३. स्वतन्त्र पूर्व सुसूचित सहमति (Free Prior Informed Consent) के हो ?[2] :

स्वतन्त्र पूर्व सुसूचित सहमति विशेष अन्तर्राष्ट्रिय कानुन तथा मानवअधिकारका संयत्रहरूद्वारा सुनिश्चित गरिएका आदिवासी जनजातिको आत्मनिर्णयको अधिकारको सम्मान हो । अझ बढी बुझ्नुपर्दा स्वतन्त्र पूर्व सुसूचित सहमतिको अधिकार :

- समुदायको स्वतन्त्ररुपमा सामूहिक निर्णय लिन सक्ने प्रक्रिया हो ।

[2] रेडप्लसमा स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी, नेफिन्, -२०७०।

- समुदायका साझा हितकोलागि गरिने कार्यक्रम तथा परियोजनासँग सम्बन्धित कुराहरूकालागि गरिने सामूहिक निर्णय हो ।
- कानुनी,प्रशासनिक तथा नीति निर्माणमा लागु हुने सिद्धान्त हो ।
- समुदायको आन्तरिक र सामूहिक निर्णय लिने स्वतन्त्रता हो ।
- समुदायले बुझ्न सक्ने भाषामा पूर्ण जानकारी पाउने अधिकार हो ।
- परामर्श प्रक्रियाको सामूहिक सम्बोधनप्रति सम्मान हो ।
- समुदायको आत्मनिर्णयको अधिकारको कार्यान्वयन पक्ष हो ।
- सामूहिक अधिकार सुनिश्चित गर्ने महत्वपूर्ण संयन्त्र हो ।
-

४. **स्वतन्त्र पूर्व सुसूचित सहमति र आदिवासी जनजातिको सम्बन्ध ।[3] :**

- आदिवासी जनजातिको आत्मनिर्णयको अधिकार र स्वशासनको अभ्यासमा सामूहिक निर्णय प्रक्रिया अनिवार्य छ ।
- सामूहिक निर्णय आदिवासी जनजातिको भूमि, भू-भाग र सम्पदासँग सम्बन्धित अधिकार एवम् आत्मनिर्णय र साँस्कृतिक सम्पूर्णताको अधिकार प्रयोगकालागि अनिवार्य तत्व हो ।
- एफ्पीक(FPIC) को सञ्चालनले आदिवासी जनजातिलाई आफ्ना भूमिमा नियन्त्रण र व्यवस्थापनको प्रयोग तथा विशेषगरेर विशिष्ट मानिसका रुपमा स्वविकास गर्ने साँस्कृतिक सम्पूर्णता र आत्मनिर्णयको अधिकारको सम्मान प्रदान गर्छ ।
- सरकार, संस्थान, संस्था, संगठन र परियोजनाका पक्षधरहरू जस्ता समुदायभन्दा बाहिरकाले आदिवासी जनजातिमाथि असर गर्ने जुनसुकै किसिमको परियोजना तथा गतिविधि कार्यान्वयन गर्नुअघि सम्बन्धित आदिवासी समुदायसँग अधिकारवालाका रुपमा मञ्जुरी लिनु र आधिकारिकता प्राप्त गर्नु आवश्यक छ ।

[3] रेडप्लसमा स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी, नेफिन्, -२०७०



- आदिवासी समाजमा परम्परागत निर्णय प्रणाली प्रायः सहमतिमा हुने गर्छ । समुदायका सदस्यहरू सामूहिक निर्णयका लागि दुवै औपचारिक तथा अनौपचारिक रुपमा विभिन्न माध्यमबाट सक्रिय रहन्छन् ।
- एफ्पीक(FPIC) असल मनसायले आदिवासी जनजातिको निर्णय प्रक्रियाहरूमा सद्भाव र अर्थपूर्ण सहभागिताकालागि गरिने प्रक्रिया हो ।
- एफ्पीक(FPIC) ले आदिवासी जनजातिको नीति निर्माण र निर्णय प्रक्रियामा पूर्ण र प्रभावकारी सहभागिताको प्रत्याभूति गर्छ ।
- साथै उनीहरूको दैनिक जीवकोपार्जन, संस्कृति र हितमा प्रत्यक्ष असर पार्नेखाले बाहिरबाट लागू गरिने नीति, कार्यक्रम र गतिविधिलाई परिभाषित गर्छ ।
- भूमि र सम्पदा, स्वास्थ्यमा असर पार्न सक्ने योजना, भू-भागमा प्रभाव पार्न सक्ने कार्य, सामूहिक पहिचान, साँस्कृतिक सद्भाव, जीविकोपार्जन, सामाजिक सद्भाव र साझा हितको प्रयोग जस्ता कार्यक्रम तथा परियोजनासँग सम्बन्धित कुराहरूकालागि सामूहिक निर्णय गर्दछन् ।

**स्वतन्त्र पूर्व सुसूचित सहमतिको अधिकार आदिवासी जनजातिको अधिकार हो ।**

आदिवासीहरूले परियोजना विकासकालागि सहमति दिने या नदिने भन्ने अधिकारलाई तिनीहरूको राष्ट्रिय सरकारहरू, अन्तर्राष्ट्रिय समुदाय र कम्पनीहरूबाट मान्यता प्राप्त गराउन संघर्ष गरेकाछन् । त्यसैले स्वतन्त्र पूर्व सुसूचित सहमतिको अधिकार प्रत्यक्षरूपमा आदिवासीहरूको भविष्य र तिनीहरूको जनताको भविष्यको नियन्त्रणसंग सम्बन्ध राख्दछ । यस अधिकारलाई "आदिवासी जनजातिहरूको भूमीहरू, भु-भागहरू र प्राकृतिक साधनलाई असर पार्ने कार्यहरूकालागि तिनीहरूको स्वतन्त्र पूर्व सुसूचित सहमति दिने वा नदिने " अधिकारकोरूपमा उल्लेख गरिएको छ ।

*स्रोतः Guide to Free Prior Informed Consent, Oxfam Asustralia-2010(P.1)*

५. **स्वतन्त्र पूर्व सुसूचित सहमतिको आधारभूत तत्व र विशेषताहरू :**

स्वतन्त्र पूर्व सुसूचित सहमतिको अधिकारलाई सरलरूपमा बुझ्न यसका आधारभूत तत्वहरू र विशेषताहरूले सहयोग प्रदान गर्नेछ ।

१. **यसका आधारभूत तत्वहरू :**

(क) स्वतन्त्रता : पूर्ण स्वतन्त्रतापूर्वक गरिने निर्णय गर्ने प्रक्रिया । स्वतन्त्र भन्नाले सम्बन्धित समुदायको निर्णय प्रक्रिया अन्य समूह, अंग वा निकायको लोभलालच, धाकधम्की वा जबर्जस्तीलगायतबाट मुक्त रहनुलाई बुझ्नुपर्छ ।

(ख) पूर्व निर्णय : कार्ययोजना निर्माण अघिनै प्रारम्भ हुने निर्णय । कुनै पनि कार्य गर्न सम्बन्धित समुदायको परामर्श तथा सहमति प्राप्त गर्ने प्रक्रियामा आवश्यक समय व्यवस्थापनकालागि कार्य गर्नु अघि नै प्राप्त गरिने आधिकारिकता नै पूर्व निर्णय हो

(ग) पूर्ण जानकारी : असल नियतसहित विषयवस्तुको पूर्ण जानकारी ।
कुनै पनि समुदायलाई प्रभाव पार्ने परियोजनाको बारेमा समुदायकै भाषामा सरलरूपमा विस्तृत जानकारी लिन पाउने अधिकार हो ।

**परियोजना वा त्यसका प्रस्तावकहरूले आदिवासी जनजाति समुदायलाई कमसेकम निम्नविषयहरूको जानकारी दिनुपर्छ ।**

- प्रस्तावित परियोजना वा गतिविधिको प्रकृति, आकार र क्षेत्र,
- सामान्य र विशेष उद्देश्य, कार्यान्वयन योजना, बजेट, परियोजना वा गतिविधिको परिणाम र प्रभाव तथा कुनै-कुनैमा लगानीको स्रोत,
- परियोजनाको अवधिक, स्थान र स्तर,
- आर्थिक, सामाजिक, साँस्कृतिक र वातावरणीय प्रभावको मूल्याङ्कन, सम्भावित चुनौती तथा निष्पपक्ष र न्यायसगत लाभको वितरण संयन्त्र,
- आदिवासी जनजातिको बुझाइको स्तरका आधारमा पूर्ण र स्पष्ट सूचनाको उपलब्धता,
- प्रस्तावित परियोजनाको कार्यान्वयनमा कर्मचारीहरूको संलग्नता (आदिवासी जनजाति, निजी क्षेत्रका कर्मचारी, शोध संस्था, सरकारी कर्मचारी र अन्य)

*स्रोत: रेड्प्लसमा स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी, नेफिन्,(२०७०(पृ.५६)*

(घ) सहमति : सामुदायिक प्रक्रियाबाट गरिएको सकारात्मक निर्णय ।
समुदायको महिला, पुरूष, युवा, वृद्धवृद्धा लगायत सबै पक्ष र वर्गको सहभागिता रहेको समूहमा नेतृत्ववर्गको सहजिकरणमा समुदायलाई प्रभाव पार्ने परियोजनाको बारेमा पूर्ण जानकारी दिई विभिन्न चरणहरूमा गरिने परामर्श तथा वैठकहरूबाट प्राप्त साझा निर्णय हो ।

२. **यसका आधारभूत विशेषताहरू :**

(क) प्राकृतिक स्रोतहरूमाथिको अपनत्व, व्यवस्थापन र नियन्त्रण : स्वतन्त्र पूर्व सुसूचित सहमतिको प्रक्रियाले आदिवासी जनजातिहरूलाई तिनीहरूको भौगोलिक क्षेत्रहरूका प्राकृतिक स्रोतसाधनरू-जमिन, जल, जंगल तथा जलवायु आदिमाथि अपनत्व प्रदान गर्दछ । जसका कारण तिनीहरूले आफ्ना समुदायलाई प्रभाव पार्ने क्षेत्रका जल, जमिन, जंगलको दीगो व्यवस्थापन गर्दछन् । व्यवस्थापिकिय कार्यबाट प्राकृतिक स्रोत साधनहरूमाथि नियन्त्रण कायम गर्न मद्दत पुग्दछ र जलवायु परिवर्तन न्यूनिकरणमा योगदान गर्न पुग्दछ । स्वःनियन्त्रण

अर्थात प्राकृतिक स्रोतहरूमाथि समुदायको आफ्नै सामूहिक नियन्त्रण र स्वःव्यवस्थापनले आदिवासी जनजातिहरूको मौलिक संस्कृतिहरू जुन प्रत्यक्ष वा परोक्ष दुवैरूपमा रहेको हुन्छ ती सांकृतिक मूल्य र मान्यता समेतको सम्मानमा निरन्तरता प्रदान गर्दछ ।

(ख) आत्मनिर्णयको अधिकारको अभ्यास :

स्वतन्त्र पूर्व सुसूचित सहमतिको प्रक्रियाले आदिवासी जनजातिलाई तिनीहरूको सामाजिक-राजनीतिक तथा प्रथाजनित कानुनको अभ्यासलाई प्रबर्द्धन गर्दछ । जसबाट तिनीहरूको परम्परागत ज्ञान, सीप तथा साँस्कृतिक रीतिरिवाजलाई जिवन्त दिलाउँदै आफ्ना समुदायमाथि लागु हुने ऐन, कानुन, नीति नियम, आचार संहिता, मार्गदर्शनको निर्माणमा, कार्यान्वयनमा, अनुगमनमा, मूल्याङ्कनआदिमा प्रत्यक्षरूपमा अर्थपूर्ण सहभागिता र समावेशीय समानुपातिक प्रतिनिधित्वको माध्यमबाट शासकीय नियन्त्रण कायम गर्दछन् । यसका अतिरिक्त अन्य बाह्य समुदायहरूभन्दा भिन्न र विशिष्ट पहिचान कायम गराउँदै समुदायको साझा सम्पदा ऐतिहासिक भङहूमि तथा भौगोलिक क्षेत्रहरू र ती क्षेत्रहरूमा सृजित, आश्रित विश्व साँस्कृतिक सम्पदाका आधारहरू नयाँ पुस्तालाई हस्तान्तरण गर्न सक्षम हुन्छन् ।

**धोल्पो तथा धोलढुसी आदिवासीका ५ परम्परागत कानुन् :**

१. *रिलुङचासिद* - वन र भूमि व्यवस्थापन सम्बन्धी कानुन् ।
२. *रिग्यालुङ्ग्या* - सिकार निषेधित क्षेत्र र पशुपंक्षी, जनावर हत्या निषेध गर्ने कानुन् ।
३. *चाहिम्* - चरन/खर्क व्यवस्थापन गर्ने कानुन् ।
४. *ङहोठिम्* - बालिनालि व्यवस्थापन गर्ने कानुन् ।
५. *डिक्ठिम्* - दण्ड, सजाय तथा जरिवाना कार्यान्वयन गर्ने कानुन् ।



उपरोक्त परम्परागत कानुनहरूको आधारमा गाउँको प्रमुख (*ढेब्रु* तथा *घापु*) को नेतृत्वमा परम्परागत संस्था *ह्यूलपोन् छोक्पा* नामक स्थानीय समितिले नेपालको उत्तरी हिमाली भाग डोल्पा जिल्लामा धोलढुसी आदिवासी समुदायमा प्रशासकीय कार्यभार संचालन गर्दै आइरहेको छ ।

स्रोतः
वन-जंगल संरक्षण र दिगो व्यवस्थापनमा आदिवासी जनजातिको भूमिका-२०६९

(ग) सुरक्षाको सुनिश्चित्तता :

स्वतन्त्र पूर्व सुसूचित सहमतिको प्रक्रियाले आदिवासी जनजातिको अहित हुने कार्यको परियोजना प्रस्तावहरूलाई अस्विकार गरी वाह्य पक्षहरूलाई सहमति प्रदान नगर्ने अधिकार दिने भएकोले समस्त समुदाय तिनीहरूको अहित हुने कार्यहरूबाट सुरक्षित गराउँदछ । एफ्पीआईसी लाई पालना नगरीएको मुलुकहरूमा आदिवासी जनजाति तथा स्थानीय बासिन्दाहरू तिनीहरूको पुर्ख्यौली थलोहरूबाट उठिबास हुनु परिरहेको छ र त्यसको उचित क्षतिपूर्ति दिलाउने संयत्रको अभावमा धेरै मानवीय क्षतीहरूसमेत विश्वले भोग्दै आउनु परेको छ ।

(घ) सामूहिक निर्णयको प्रक्रिया :

स्वतन्त्र पूर्व सुसुचित सहमतिको प्रक्रियाले आदिवासी जनजातिको सामूहिक अधिकारको लागि परम्परागत राजनीतिक, सामाजिक तथा प्रतिनिधिमुलक संस्थामार्फत प्रथाजनित कानुनसमेतको अभ्यास गरी महिला, यूवा, वृद्ध तथा पुर्खा लगायतको अर्थपूर्ण सहभागितामा समावेशी र सबैको साम‍ु पारदर्शीरूपमा समुदायको हितमा निर्णय गर्ने विशेषता राख्दछ ।

(ङ) निरन्तर प्रक्रिया :

स्वतन्त्र पूर्व सुसूचित सहमतिको प्रक्रिया एक निरन्तर प्रक्रिया हो । आदिवासी जनजातिको समुदाय एक स्थायी समुदाय भएकोले तिनीहरूको जिवनचक्रको परिधिमा विविध आर्थिक, सामाजिक, साँस्कृतिक र नागरिक तथा राजनीतिक अधिकारहरूको उपभोगकालागि सामूहिक निर्णयहरू पटक पटक गर्नुपर्ने आवश्यकता पर्दछ ।

(च) सरकार, लगानीकर्ता वा वाह्यपक्षसँगको संलग्नता :

स्वतन्त्र पूर्व सुसूचित सहमतिको प्रक्रियामा आदिवासी जनजाति समुदाय र वाह्य पक्षहरू- परियोजना प्रस्तावकहरू वा लगानीकर्ताहरू र राज्यपक्षबीच समुदायको सामूहिक हित र लगानीकर्ताको लाभ तथा सरकारको पक्षबाट राज्य व्यवस्थाकोलागि संवाद तथा परामर्श कार्य हुने गर्दछ र सहमतिमा पुग्ने गर्दछ ।

## १. परामर्श र सहमतिबीचको भिन्नता :

| क्र.सं. | सहमति | परामर्श |
|---|---|---|
| ०१. | अधिकारवालाले प्रदान गर्ने सकारात्मक निर्णय हो । तर पर्याप्त सूचनाको अभावमा नकारात्मक पनि हुन सक्दछ । | वाह्यपक्षले सरोकारवालाहरूको राय सल्लाह लिने प्रक्रिया हो । |
| ०२. | वाह्य पक्षले परियोजना संचालनकालागि अनिवार्यरूपमा लिनु पर्ने अख्तियारी हो । | सरोकारवालाहरूको राय सल्लाह लिने तर कार्यान्वयनमा वाध्यकारी नहुने । |
| ०३. | समुदायको परम्परागत तथा प्रथाजनित वा संस्थागत प्रणालीमा आधारित सामूहिक निर्णय हो । | जान्नेसुन्नेहरूबाट पनि समुदायको विचार बुझ्ने उपाय हो । |
| ०४. | सहमतिले परियोजनालाई परिणाममुखी बनाउन कार्यान्वयनकालागि वाध्यकारी सम्झौता निर्माण गराउँदछ । | परामर्श प्रक्रियाबाट सम्झौता निर्माण नहुन पनि सक्दछ । |



## २. परामर्श र सहमति दुवैमा समानरूपमा देखिने तत्वहरू :

| क्र.सं. | सहमति | परामर्श |
|---|---|---|
| ०१. | समावेशीताः- सहमति दिने वा नदिने भन्ने निर्णयमा पुग्नुअगाडि महिला, युवा र पाकाहरूको विचार र सरोकारलाई ध्यान दिनुपर्छ । | समावेशीताः- परामर्श पारदर्शी र समावेशी ढंगले सबै सरोकारवाला-हरूलाई आफ्नो विचार र सरोकार अभिव्यक्त गर्न दिइनुपर्छ । महिला, युवा र पाकालाई कुनै डरबिना आफ्ना सरोकार राख्न दिइनुपर्छ । |
| ०२. | दस्तावेजीकरणः- सहमति दिने वा नदिने भन्ने निर्णय प्रक्रियालाई सबै पक्षले उपयुक्त दस्तावेजिकरण, सम्मान र पालना गरिनुपर्छ । | दस्तावेजीकरणः- सरोकारवालाको विचार, भावना, सरोकार र सिफारिसलाई उपयुक्त ढंगले दस्तावेजीकरण गर्नुपर्छ । |
| ०३. | असल नियतः- सहमति लिने प्रक्रियामा वाह्य पक्षले परियोजनाको आवश्यकता, महत्वता र नकारात्मक असरहरू र त्यसको न्यूनीकरणकालागि अल्पकालिन, मध्यकालिन र दीर्घकालिनरुपमा अपनाइने उपायहरूसहित समुदायलाई उपलब्ध हुने वा गराइने लाभको बारेमा समेत पूर्ण जानकारी दिइ सहमति खोजिन्छ । | असल नियतः- परियोजनाको आवश्यकता, महत्वता र नकारात्मक असरहरू र त्यसको न्यूनीकरणकालागि अपनाइने उपायहरूसहित समुदायलाई उपलब्ध हुने वा गराइने लाभको बारेमा समेत पूर्ण जानकारी दिइ परामर्श खोजिन्छ । |
| ०४. | स्वतन्त्रताः- प्रभावित समुदायलाई सहमती दिनका लागि दवाब, धम्की वा सर्त दिइनुहुन्न । | स्वतन्त्रताः- प्रभावित समुदायलाई सहमती दिनका लागि दवाब, धम्की वा सर्त दिइनुहुन्न । |
| ०५. | पारदर्शिताः- सहमति लिने प्रक्रिया र त्यसको परिणामलाई सार्वजनिक गरिनुपर्छ । | पारदर्शिताः- परामर्शको प्रक्रिया र परिणामलाई सार्वजनिक गरिनुपर्छ । |

६. स्वतन्त्र पूर्व सुसूचित सहमतिका अधिकारका कानुनी आधारहरू :

स्वतन्त्र, पूर्व सुसूचित सहमतिका अधिकारको सन्दर्भमा अन्तर्राष्ट्रिय मानवअधिकारका संयत्रहरूले आदिवासी जनजातिको सन्दर्भमा विशेष व्यवस्था गरेको पाइन्छ । १३ सेप्टेम्बर २००७ मा संयुक्त राष्ट्रसंघको महासभाले पारित गरेको आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसघिय घोषणापत्र अहिलेसम्मको संयत्रहरूमा बढी प्रभावकारी देखिन्छ । नेपाल सरकारले अनुमोदन गरेको आदिवासी तथा जनजातिसम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि संख्या १६९ ( ई.सं.१९८९) कार्यान्वयनको पक्षमा वाध्यकारी छ । यसका अतिरिक्त सन् १९९२ मा जैविक विविधतासम्बन्धी महासन्धिको धारा (८.जे.) लगायतका विभिन्न सन्धि महासन्धिहरूले आदिवासी जनजातिको स्वतन्त्र, पूर्व सुसूचित तथा सहमतिको अधिकारलाई सुनिश्चित गरेको छ ।

१. आदिवासी जनजातिका अधिकारसम्बन्धी संयुक्त राष्ट्रसघीय घोषणापत्र (UNDRIP) को विभिन्न धाराहरूमा स्वतन्त्र पूर्व सुसूचित सहमति (Free Prior Informed Consent) सम्बन्धी अंगिकार गरेका प्रावधानहरूः-

धारा-१०

आदिवासी जनजातिलाई तिनीहरूको भूमि वा क्षेत्रहरूबाट बलपूर्वक हटाइने छैन । सम्बन्धित आदिवासी जनजातिको स्वतन्त्र, पूर्व सुसूचित सहमति बिना र सहमति पछि पनि सम्भव भएमा फिर्ता हुने विकल्पकासाथ न्याय तथा उचित क्षतिपूर्ति बिना पुनर्स्थापना कार्य गरिनेछैन ।

धारा-११ .२.

आदिवासी जनजातिको स्वतन्त्र, पूर्व तथा सुसूचित सहमतिबिना वा उनीहरूको कानुन्, परम्परा तथा प्रचलनहरूको उल्लङघन हुने गरी



लिइएका उनीहरूको सांस्कृतिक, बौद्धिक, धार्मिक तथा आध्यात्मिक सम्पत्तिहरूका सम्बन्धमा आदिवासी जनजातिसँगको सहकार्यमा तयार गरिएको क्षतिपूर्ति समेत समावेश हुन सक्ने प्रभावकारी संरचनामार्फत राज्यहरूले क्षतिपूर्ति उपलब्ध गराउनेछन् ।

धारा-१९

आदिवासी जनजातिलाई प्रभाव पार्ने कानुनी वा प्रशासनिक उपायहरू अवलम्बन वा कार्यान्वयन गर्नुपूर्व राज्यहरूले आदिवासी जनजातिको स्वतन्त्र, पूर्व तथा सुसूचित सहमति प्राप्त गर्न सम्बन्धित आदिवासी जनजातिका आफ्नै प्रतिनिधिमुलक संस्थाहरूमार्फत उनीहरूसंग असल नियतबाट परामर्श र सहयोग गर्नेछन् ।

धारा-२८.

१. आदिवासी जनजातिलाई आफूहरूले परम्परागत रुपमै स्वामित्व हासिल गरेका वा अन्य ढङ्गबाट कब्जामा राख्दै आएका वा प्रयोग गर्दै आएका भूमि, क्षेत्र तथा संसाधनहरू आफ्नो स्वतन्त्र, पूर्व तथा सुसूचित सहमतिबिना अधिग्रहण गरिए, लिए, कब्जा गरिए, प्रयोग गरिए वा नष्ट गरिएमा प्रत्यावस्थापनालगायतका माध्यमबाट क्षतिपूर्ति प्राप्त गर्ने वा सम्भव नभएमा उचित, स्वच्छ र समन्यायिक क्षतिपूर्ति प्राप्त गर्ने अधिकार हुन्छ ।

२. सम्बन्धित मानिसहरूले स्वन्तापूर्वक सहमति जनाएको अवस्थामा बाहेक क्षतिपूर्ति समान गुणस्तर, आकार र कानुनी हैसियतको भूमि, क्षेत्र र संसाधनका रूपमा वा वित्तीय क्षतिपुर्तिका रूपमा वा अन्य उपयुक्त क्षतिपुर्तिका रूपमा हुनेछ ।

धारा-२९.२.

आदिवासी जनजातिको स्वतन्त्र, पूर्व तथा सुसूचित सहमतिबिना उनीहरूको भूमि वा क्षेत्रमा जोखिम्युक्त पदार्थहरूका भण्डारण वा बिसर्जन गरिनेछैन भन्ने कुरा सुनिश्चित गर्न राज्यहरूले प्रभावकारी उपायहरू अपनाउनेछन् ।

धारा-३२.२.

आदिवासी जनजातिको भूमि वा क्षेत्र तथा अन्य संसाधनहरू असर पार्ने, खासगरी विकास, खनिज, जल वा अन्य संसाधनको उपयोग वा शोषणसँग सम्बन्धित कुनै पनि आयोजना स्वीकृत गर्नुपूर्व राज्यहरूले तिनीहरूको स्वतन्त्र तथा सुसूचित सहमति प्राप्त गर्नकालागि उनीहरूको आफ्नै प्रतिनिधिमूलक संस्थाहरूको माध्यमबाट सम्बन्धित आदिवासी जनजातिसँग असल नियतपूर्वक परामर्श तथा सहयोग गर्नेछन् ।

२. आदिवासी तथा जनजाति सम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि संख्या १६९ (ILO Convention 169) को विभिन्न धाराहरूमा स्वतन्त्र पूर्व सुसूचित सहमति (Free Prior Informed Consent) सम्बन्धी अंगिकार गरेका प्रावधानहरूः-

धारा-६.१.(क)

ती (आदिवासी जनजाति) समूहलाई प्रत्यक्षरूपमा असर पार्नसक्ने कानुनी वा प्रशासनिक उपायहरूलाई अवलम्बन गर्ने बारेमा सोचाइ बनाउँदा सम्बन्धित समूहसँग उपयुक्त प्रक्रियाद्वारा तथा खासगरेर उनीहरूको प्रतिनिधिमूलक संस्थाहरूको माध्यमद्वारा परामर्श गर्नुपर्दछ ।[4]

धारा-१६.२.

अपवादजनक उपायको रूपमा यसता जनताहरूको (आदिवासी जनजातिहरूको) ठाउँसारी आवश्यक देखिएको अवस्थामा, निजहरूको स्वतन्त्र र सुसूचित सहमति लिएर मात्र यसतो ठाउँसारी गरिनेछ । निजहरूको सहमति प्राप्त गर्न नसकिने भएमा सम्बन्धित जनताको प्रभावकारी प्रतिनिधित्वको लागि मौका दिनु पर्ने व्यवस्था तथा उपयुक्त भएमा सार्वजनिक जाँचबुझ गर्ने समेत व्यवस्था गर्ने

[4] स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी कार्यान्वयन संयन्त्र निर्माण निर्देशिका नेफिन्,(२०७०(पृ.८)



राष्ट्रिय कानुन र नियमहरूबाट स्थापित उपयुक्त कार्यविधिहरू अवलम्बन गरेर मात्रै त्यस्तो ठाउँसारी गरिने छ ।[5]

३. जैविक विविधतासम्बन्धी महासन्धी धारा-८(जे) ले आदिवासी जनजातिको परम्परागत ज्ञान,सीप तथा संस्कृतिको सम्माग गरेको छ ।

धारा-८(जे)

राष्ट्रिय कानुन अनुसार जैविक विविधताको संरक्षण तथा दीगो उपयोग सम्बन्धी आदिवासी जनजाति तथा स्थानीय समुदायहरूको ज्ञान, सृजनाहरू र अभ्यासहरूलाई परम्परागत जिवनशैलीहरू कायम गर्दै सम्मान, संरक्षण र सम्बर्द्धन गर्ने र यस्ता ज्ञान, सृजना र अभ्यासवाहकहरूको स्विकृति तथा संलग्नतासहित तिनीहरूको वृहत्तर प्रयोगको प्रबर्द्धन गर्ने र यसता ज्ञान, सृजनाहरू र अभ्यासहरूबाट आर्जन हुने लाभको समतामुलक बाँडफाँडलाई प्रोत्साहन गर्ने ।

## समुदायिक परामर्श तथा कुराकानी गर्दा सोधिने सम्भावित प्रश्नहरू :

- परियोजना निर्माणमा समुदायले गर्नसक्ने अवसरहरू के के छन्? कसरी तिनीहरूलाई व्यवस्थापन गरिनेछन् ?
- वातावरणीय तथा सामाजिक प्रभावको जाँचमा समुदायहरू कसरी सहभागि हुन सक्छन् ?
- कसले वातावरणीय तथा सामाजिक प्रभावको जाँच गरेका छन् र ती जाँचका प्रतिवेदनहरू समुदायको मातृभाषामा वा स्थानीय भाषामा अनुवाद गरिनेछन् ?

[5] अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि संख्या १६९, आदिवासी तथा जनजाति सम्बन्धी महासन्धि, १९८९ (नेपाल सरकार, कानून किताब विकास समितिद्वारा अनुवादित)

- कम्पनीले कोसँग परामर्श गरेको छ ? के कम्पनीले समुदायको सहमति छ भन्ने सोचेको छ ?
- यदि परियोजनाको स्वरुपमा कुनै परिवर्तन भएमा कुन प्रक्रिया अनुसरण गरिनेछन् ?
- के कम्पनीले परियोजनाको प्रत्येक चरणमा समुदायसँग कुराकानी गर्नेछन् ?
- समुदायको सरोकारहरूप्रति परियोजनाको विकासकर्ताले कसरी सम्बोधन गर्नेछन् ?
- के परियोजना विकासकर्ता परियोजनासँग सम्बन्धित सम्पूर्ण मुनाफाहरू तथा भुक्तानीहरू देखाउन तयार छ ?
- परियोजनाबाट हुने मुनाफाहरू कहाँ जानेछन् ?

*नोटः- यी प्रश्नहरू केवल उदाहरण मात्र भएकाले स्थान, समुदाय तथा प्रथाजनित कानून विशेष फरक फरक हुन सक्नेछन ।*

*स्रोतः Guide to Free Prior Informed Consent, Oxfam Asustralia-2010(P.16)*

## ७. प्रक्रियागत सिद्धान्तहरू

### १. स्वतन्त्रताको सिद्धान्त :

स्वतन्त्रताको सिद्धान्त अनुसार समुदाय प्रभावित हुने कुनै पनि कार्यको निर्णय गर्ने अधिकार स्वयं समुदायमै निहित रहेको हुन्छ । अर्थात स्वनिर्णयको प्रक्रिया र त्यसको नतिजामा जुनसुकै किसिमको बाहिरी प्रभाव यस सिद्धान्तको स्पष्ट उल्लंघन हो ।[6]

### २. समय व्यवस्थापनको सिद्धान्त :

समय व्यवस्थापनको सिद्धान्त अनुसार कुनै पनि कार्यको वृहत्तर परिणाममा सकारात्मक प्रभाव ल्याउन कार्य गर्नु पूर्व ( अगावै) सामुदायको परम्परागत वा प्रथाजनित प्रक्रियाबाट सम्पूर्ण पक्षहरूमाथि सही विचार विमर्श र उचित विश्लेषण गरी निष्कर्ष निकाल्न अग्रिमरूपमा समय निर्धारण गर्नु आवश्यक हुन्छ । राष्ट्रिय कानुनले सम्बन्धित समुदायको सहमति प्राप्त गर्न समयसिमा निर्धारण गरेको हुन सक्दछ जसप्रति सचेत हुनु आवश्यक हुन्छ । निर्धारित समय अपर्याप्त हुने अवस्थामा थप समयको माग गर्नुपर्दछ ।

### ३. सूचनाको हकको सिद्धान्त :

सूचनाको हकको सिद्धान्तले कुनै पनि परियोजनाको संचालनले त्यस क्षेत्रमा रहेका समुदायहरुलाई प्रत्यक्ष वा परोक्षरूपमा असर पार्ने भएमा उक्त परियोजनाको बारेमा विस्तृत सूचना प्राप्त गर्ने अधिकार समुदायमा निहित राख्दछ । पयिोजनाको प्रकृति, क्रियाकलापहरू, लागत, समय अवधि, उत्पादन हुने वस्तु तथा सेवाको मात्रा, गुणस्तर, मूल्य, लगानिकर्तालाई हुने मुनाफा, आदिवासी जनजाति वा स्थानीय समुदायको भूमिका र तिनीहरूलाई प्राप्त हुने लाभको अंश आदिको पूर्ण जानकारी असल नियतकासाथ वाह्य पक्षले समुदायलाई उपलब्ध गराउनु पर्छ ।

### ४. आत्मनिर्णयको अधिकारको सिद्धान्त :

आत्मनिर्णयको अधिकारको सिद्धान्तले समुदायलाई प्रभाव पार्ने गतिविधिहरूमाथिको पूर्ण नियन्त्रण समुदायमै निहित रहने र तिनीहरूको सामूहिक अधिकारको सुनिश्चित्तताकोलागि सामूहिक प्रक्रियाद्वारा विना कसैको हस्तक्षेप र प्रभावमा स्वतन्त्रपूर्वक आफ्नो निर्णय गर्न पाउने अधिकार निहित रहेको हुन्छ ।

## परियोजनाले पार्ने असरको बारेमा समुदायले सोध्न सक्ने सम्भावित प्रश्नहरू :

- परियोजनाले कस्तो भूमिहरूलाई असर पार्दछन् ?

[6] रेडप्लसमा स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी, नेफिन्,(२०७०( पृ.५४)

- असर पारिने भूमिहरूको कुनै नक्शाहरू छन् ?
- भूमी तथा अन्य स्रोतहरूमा हुने कुनै असर स्थायी रहन्छन् ?
- के परियोजना निर्माणकर्ताले मानवअधिकारहरू, वातावरणीय, लैंगिक तथा सामाजिक असरको जाँचहरू गर्नेछन् ?
- परियोजनाको सम्भावित जोखिमहरू के के छन् ? (उदाहरणकालागि प्रदुषण वा पवित्रस्थलहरूमा प्रवेश ?)
- यी जोखीमहरू उल्लेख गरिएको कुनै विस्तृत प्रतिवेदनहरू छन् ? र ती प्रतिवेदनहरू समुदायलाई प्राप्त हुन सक्दछ ?
- आदिवासीहरूकालागि परियोजनाबाट के के फाइदा हुन्छन् ?
- के ती फाइदाहरू स्थायी हुनेछन्? वा अस्थायी ?
- कम्पनीले समुदायकोलागि के योगदान गर्नेछन् ? (जस्तो - विद्यालयहरू, सडकहरू, अस्पतालहरू र अन्य सामाजिक विकासका कार्यक्रमहरू)
- के परियोजनाले समुदायको भूमीअधिकारको सुरक्षामा योगदान गर्नेछ ?
- यदि परियोजना विकासकर्ताले हाम्रो भूमि लान्छ भने के हामीलाई नयाँ जमिनसहित क्षतिपूर्ति दिनेछ ?

*नोटः- यी प्रश्नहरू केवल उदाहरण मात्र भएकाले स्थान, समुदाय तथा प्रथाजनित कानून विशेष फरक फरक हुन सक्नेछन ।*

*स्रोतः Guide to Free Prior Informed Consent, Oxfam Asustralia-2010(P.16)*

८. **प्रकृयागत चरणहरू**

(क) स्वतन्त्र पूर्व सुसूचित सहमतिको अधिकार प्रयोग गर्ने व्यावहारिक चरणहरु :

१. परियोजना कसले विकास गरिरहेको छ पत्ता लगाउने :

आफ्नो समुदायलाई असर पार्न सक्ने योजना बनाउने संस्था को हो सो पत्ता लगाउनु पर्दछ । त्यो संस्था वा निकायहरू आफ्नै मुलुकको सरकार, निजि कम्पनी, वाह्य मुलुकको सरकार, स्थानीय विकासका आधिकारिक निकायहरू, बैंक वा अन्तर्राष्ट्रिय वित्तीय संस्था (विश्व बैंक, एशियाली बैंक आदि) आदि एकल वा वहुपक्षीय हुनसक्दछ ।

२. परियोजना बनाउनेहरूसँग सूचनाहरूको माग गर्ने :

प्रस्तावित परियोजनाले आफ्नो समुदायलाई असर पार्छ की पार्दैन भन्ने कुरा बुझेर निर्णय दिनु पर्दछ । परियोजनाको बारेमा सूचनाहरू मातृभाषामा आवश्यक पर्छ भने सोको माग गर्नुपर्दछ । परियोजनाको प्रस्तावकहरू धेरै संस्थाहरू वा एकभन्दा बढी देशको सरकार भएको अवस्थामा सूचना प्राप्त गर्न कठिनाइ हुनसक्दछ । यस्तो अवस्थामा सम्बन्धित क्षेत्रमा कार्य गर्ने गैसस वा संस्थाहरूबाट वा कनुनवेत्ताहरूको समेत सहयोग लिनु पर्ने हुनसक्दछ । आफ्नो समुदायलाई प्रभाव पार्ने परियोजनाको बारेमा पूर्ण जानकारी प्राप्त गर्नु समुदायको अधिकारको कुरा हो सो बुझ्नु पर्दछ । सूचनाले निर्णयमा प्रभाव पार्ने हुनाले यसकालागि समुदायका अगुवाहरू सम्वेदनशील हुनु पर्दछ । हतारमा र अपुरो सूचनाको आधारमा गरेको निर्णयले लामो समयसम्म समुदायलाई वेफाइदा पनि पुऱ्याउन सक्दछ ।

## परियोजनाको जानकारीबारे गरिने सम्भावित प्रश्नहरू :

- परियोजना के हो ? यसले के गर्नेछ ?
- परियोजना कतिको ठुलो हो? यो कहिले निर्माण हुन्छ? यो कहिले सम्म सञ्चालन हुन्छ ?
- परियोजना निर्माण गर्नेहरू को को हुन्? (जस्तै- निजि कम्पनी, सरकार)
- कम्पनीको विगतको कार्यसम्पादनको इतिहास के छ? खराब या असल ?
- लगानि गर्ने ऋणहरू कस्ले दिँदैछ? (जस्तै- वाणिज्य बैंक, विश्व बैंक, लगानि कोष ?)

- प्रत्येक परियोजना निर्माणकर्ताको मुख्य काम के के हो ?
- परियोजना निर्माण गर्नेको राष्ट्रियता के हो ?
- परियोजनाकोलागि के के निर्माण गरिनेछन् ? (जस्तै- सडकहरू, बाँधहरु, ठूला विद्युत्तीय खम्बाहरू आदि) ?
- कम्पनी तथा सरकारको अतिरिक्त को को परियोजनामा संलग्न हुनेछन्? (जस्तै- आपूर्तिकर्ताहरू, ठेकेदारहरु) ?
- सरकारले कस्तो सहयोगहरू प्रदान गर्दैछ ? (जस्तै- परियोजना निर्माणको लागि छुट गरिएका करहरुको संख्या, आवश्यक जमिनको प्राप्ति र प्रयोगकालागि शुल्कहरुको छुट) ?
- परियोजनाको विषयमा स्थानीय सरकारी निकायको विचार के छ ?

*स्रोतः Guide to Free Prior Informed Consent, Oxfam Asustralia-2010(P.16)*

३. आफ्नो समुदायबीचमा छलफल चलाउने :

समुदायका अगुवाहरू परियोजनाको प्रस्तावकहरूसँग सम्पर्क आइसकेपछि समुदायका सबै वर्गहरूबीच बसेर सम्भव भएसम्म परियोजनाले असर पार्न सक्ने जग्गाको नक्शा, परियोजनाको परिचय पुस्तिका, पोष्टर तथा भिडिओ आदिको प्रयोग गरी सबैले बुझ्ने गरी छलफल गर्ने र समुदायमा अभ्यास गरिरहेका निर्णय प्रक्रियाबाट सबैको कुरा सुनेर समुदायको सदस्यहरूको सहमति लिने ।

४. परियोजनाका प्रस्तावकहरूसँग समुदायको कुराकानीहरू गर्ने :

परियोजना अघि बढाउने सहमीत आफ्नो समुदायबाट प्राप्त गरेपछि परियोजनाको प्रस्तावकहरूसँग कुराकानी अघि बढाउने । पहिलो चरणमा सहमति प्राप्त भए पनि परियोजनाको एकपछि अर्को आउने चरणहरूमा स्वतन्त पूर्व सुसूचित सहमति प्रस्तावकहरूले लिनु पर्दछ ।



५. स्वतन्त्र विज्ञको सल्लाह माग्ने :

परियोजना निर्माण देखी कार्यान्वयनको प्रक्रियामा प्रयोग हुने सामाग्रीहरूको बारेमा समुदायलाई ज्ञान नभएमा सोको बारेमा स्वतन्त्र विज्ञहरूसँग पनि परामर्श लिनु पर्दछ र पूर्णरूपमा समुदायकोलागि हानिकारक नहुने निश्चित भए पछि मात्र सहमति प्रदान गर्नु पर्दछ ।

६. समुदायकोरूपमा निर्णय गर्ने :

स्वतन्त्र पूर्व सुसूचित सहमतिको अधिकार सामूहिक अधिकार हो । त्यसैले समुदायको निर्णय गर्ने परम्परागत प्रक्रिया भए सोही प्रक्रियाबाट निर्णय गर्नु पर्दछ । परियोजना प्रस्तावकसँग परियोजना निर्माणको प्रक्रियामा सम्झौतामार्फत सहमति गरीसकेपछि सम्झौता मान्न वाध्यकारी हुनाले सबै समुदायका सदस्यहरू सुसूचित हुनु पर्दछ कि परियोजनाकालागि समुदायले के गुमाउँदैछ र परियोजनाबाट समुदायले के पाउनेवाला छ । यो कुराको ध्यान राख्नु पर्दछ की परियोजनाले समुदायलाई हानी पुऱ्याउँछ भन्ने लागेमा उक्त परियोजना चाहिँदैन भन्ने अधिकार पनि समुदायलाई रहेको हुन्छ ।

७. परियोजना प्रस्तावहरूसँग निरन्तर संचार तथा संवाद कायम राख्ने :

ठूला ठूला परियोजनाहरू धेरै वर्षहरूसम्म चल्ने र कतिपय परियोजनाहरूको असर पछि मात्र देखिने हुनाले समुदाय र परियोजना निर्माणकर्ताहरूबीच नियमित संचार कायम राख्नु पर्दछ । परियोजनाको विभिन्न चरणहरूमा कुराकानी गर्दै सहमति प्रदान गर्नुपर्ने हुन्छ । कुनै पनि समयमा परियोजनाले समुदायलाई हानी पुऱ्याउँछ भन्ने लागेमा समुदायलाई परियोजना रोक्न सक्ने अधिकार रहेको हुन्छ ।

**सामान्य प्रक्रियाका चरणलाई निम्न अनुसार पनि प्रस्तुत गरिएको छ :**

(क) प्रारम्भिक चरणमा अगुवा र प्रतिनिधिहरूसँग आन्तरिक परामर्श
(ख) आवश्यक र सही सूचनाको प्रचार-प्रसार समुदायमा हुने
(ग) पारदर्शिरूपमा परामर्श कार्य सम्पन्न हुने

(घ) समुदायलाई प्रभाव पार्ने कुरामा उनीहरूबीचमै छलफल हुने
(ङ) विषयवस्तुमाथि थप जानकारी लिइने कार्य हुने ।
(च) थप जानकारीका लागि थप परामर्श र संवाद गरिने ।
(छ) सामुहिक निर्णय पद्दति कार्यान्वयन गरिने ।
(ज) निर्णय सामूहिक अधिकारकालागि सामूहिकरूपमा गरिने ।
(झ) निर्णय प्रक्रियाको परिणाम प्रस्तावकहरूलाई प्रदान गर्ने ।
(ञ) समुदाय तथा सरोकारवालाहरूमा उजुरी संयन्त्रको स्थापना गरिने ।
(ट) समुदायको परियोजनाको निगरानी र मूल्याङ्कनमा सभागिता हुने ।

*स्रोतः-रेडप्लसमा स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी, नेफिन्,(२०७०(पृ.५७)*

## स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी अन्तर्गत अतिरिक्त जानकारी :

- आदिवासी जनजातिहरूलाई असर गर्ने कुनै पनि प्रस्तावित नीति, कार्यक्रम वा योजनाको सम्बन्धमा उनीहरूले बुझ्ने गरी उनीहरूकै भाषामा पर्याप्त, सही र पूर्ण जानकारी उपलब्ध गराइनुपर्नेछ ।
- आदिवासी जनजातिहरूसँग उनीहरूको प्रथाजन्य निर्णय गर्न प्रक्रियायाअनुसार छलफल गर्नुपर्नेछ ।
- कनै पनि हस्तक्षेपबिना उनीहरूलाई आन्तरिक र सामूहिक निर्णय लिने प्रक्रियाका लागि पर्याप्त स्वतन्त्रता, समय र स्थान दिइनु पर्नेछ ।
- आदिवासी जनजातिहरूको अनुमतिकालागि उनीहरूको सामूहिक निर्णयको सम्मान गर्नु पर्नेछ ।
- कुनै पनि सर्त राखेर प्राप्त गरिएको स्विकृति र अनुमति मान्य हुनेछैन । त्यसका लागि आदिवासी जनजातिहरूलाई पर्याप्त जानकारीहरू र त्यससँग सम्बन्धित कागजपत्रहरू उपलब्ध गराइनेछ ।
- कुनै पनि किसिमको धम्की, अनावश्यक बढाई चढाई तथा गलत सूचना सम्प्रेषण गरी प्राप्त गरिएका अनुमति, स्विकृति अमान्य हुनेछ ।
- लैंगिक समानता र आदिवासी जनजाति महिलाको सहभागिता अनिवार्य छ । साथै बालबालिका र युवाको उपयुक्त सहभागिता पनि आवश्यक छ ।



*स्रोतः अधिकारको कार्यान्वयन, आदिवासी जनजातिहरूकालागि स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी (एफ्पीआईसी),* PACC/AIPP

### (ग) विषयगत अवस्थाका चरणहरू :

विषयवस्तु अनुसार स्वतन्त्र पूर्व सुसूचित सहमतिको अधिकार क्रियाशिल गराउन फरक फरक हुन सक्दछ । तथापी नेपालमा अहिले आदिवासी जनजातिका समुदायसँग रेडप्लसको विषयमा निर्धारण भएको प्रक्रिया उदाहरणकालागि प्रस्तुत गरिएको छ । यो विषयगत प्रक्रियाको प्रस्तुती अघि रेड र रेडप्लस बारे जान्न जरुरी हुन्छ ।

रेड भन्नाले प्रोत्साहन दिएर वन विनाश र त्यसको क्षयीकरणलाई रोक्ने एउटा संयन्त्र हो । यस संयत्रबाट वायुमलण्डलमा सृजना हुने कार्बन(कालो धुँवा जस्तो प्रदुषण) कम गराउने दाबी गर्दछ । यस संयत्र अर्न्तगत वन फाडानी र वन विनाश न्यूनिकरणकालागि भइरहेको वन संरक्षण गरेर वा वनको क्षेत्र बढाई वायुमण्डलमा कार्बन गरेवापत उद्योगधन्दामा अगाडि रहेका औद्योगिक तथा विकसमा अघि परेका विकसित मुलुकहरूले सरकारलाई वित्तीय अनुदान पनि प्रदान गर्दै आइरहेको छ । नेपाललगायतका केही विकासशील देशहरूले यस संयत्रमार्फत कार्बन शोषण गरेबापत वित्तीय अनुदान प्राप्त गर्न राष्ट्रिय तथा स्थानीय नीति नै ल्याइसकेको छ ।

रेड संयत्र अपूर्ण ठहर गरी रेडप्लसको संयत्र ल्याएको छ र यसमा रेडका सबै तत्वहरूसहित थप वन संरक्षण, वनको दिगो व्यवस्थापन र वन कार्बनको भण्डारणमा वृद्धि गर्ने तत्वकोरूपमा प्रयोग हुने दावीकासाथ ठूलो वनजंगल भएको वा न्यून मात्रामा वनको क्षयीकरण भएका एवं राम्रो वन व्यवस्थपन भएको राष्ट्रहरू पनि रेडसंयत्रमा सहभागि हुन सक्ने अवधारणाकासाथ रेड प्लस संचालन भैरहेको छ ।

## रेडप्लसमा स्वतन्त्र पूर्व सुसूचित सहमतिको प्रक्रिया :

| क्र.सं. | चरणका विवरण | प्रक्रियाबाट प्राप्त हुने परिणामहरू |
|---|---|---|
| ०१. | रेड र एफ्पीक् सम्बन्धमा सूचना सचेतना र क्षमता | रेड र एफ्पीक् अवधारणा राष्ट्रिय र अन्तर्राष्ट्रिय सामयिकता |
| ०२. | परामर्श (राष्ट्रिय, क्षेत्रीय र स्थानीय तहमा) | पूर्ण र प्रभावकारी सहभागिता एफ्पीक्को सिद्धान्तको सम्मान आदिवासी जनजातिको औपचारिक मान्यता । |
| ०३. | आदिवासी जनजातिको सहमति र स्वतन्त्र निर्णय प्रणाली | राष्ट्रिय रणनीतिहरू आदिवासी जनजातिका सरोकारहरू (भूमिको स्वामित्वसम्बन्धी व्यवस्था, वन फँडानीको कारण, वन सुशासनका सवाल तथा सुरक्षा सपायहरू) |
| ०४. | रेड नमुना र तयारी तथा प्रतिक्रियाहरू | परामर्श र वास्तविक संलग्नता सहभागितामूलक सर्वेक्षण र संस्थागत विश्लेषण |
| ०५. | उजुरी संयन्त्र | समानुपातिकता, साँस्कृतिक औचित्य, पहुँच, पारदर्शिता, जवाफदेहिता र उचित संरक्षण । |
| ०६. | रेड कार्यान्वयन र एम्आरभी (Measurement Reporting Varification) | अनुगमनमा समुदायको संलग्नता, सीमा निर्धारण । |

स्रोतः रेडप्लसमा स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी, नेफिन्,(२०७०(पृ.५८)

## ९. स्वतन्त्र, पूर्व सुसूचित सहमति कार्यान्वयनका चुनौतीहरू :

स्वतन्त्र, पूर्व, सुसूचित परामर्श तथा सहमतिको अधिकारहरूलाई कानुनीरूपमा बाध्यकारी महासन्धि अन्तर्राष्ट्रिय श्रम संगठनको आदिवासी जनजातिसम्बन्धी महासन्धि संख्या १६९, नैतिकरूपमा कार्यान्वयन गर्न राज्यपक्ष सहमत भई हस्ताक्षर गरेको आदिवासी जनजातिका अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र-२००७(ई.सं.) लगायत नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रले समेत आत्मनिर्णयको अधिकारलाई सुनिश्चित गरेको भए तापनि सरकार ती अधिकारहरू कार्यान्वयन गर्नेप्रति जवाफदेही नदेखीरहेको अवस्था यथार्थ हो ।

समुदायको आत्मनिर्णयको अधिकार उपलब्ध गराउनको सट्टा आदिवासी जनजातिलगायत स्थानीय समुदायहरूको सहमति त परै जावोस् अर्थपूर्ण परामर्श सम्म पनि नगरी मानववस्तीको उठीबास गराउने कार्यमा अग्रसर देखिएको छ । जुन मानवअधिकारको ठाडै उल्लंघन हो ।

**उदाहरणकालागि खिम्ती** : ढल्केबर हाइटेन्शन लाइनको घटना, कर्णाली जलविद्युत परियोजनामा स्थानीयवासीन्दाहरुको विरोध, कोशी उच्च बँध निर्माणमा चलिरहेको आदिवासी जनजाति लगायत स्थानीयवासीन्दाहरूको संघर्ष, चुरे-भावर क्षेत्रको प्राकृतिक स्रोतको दोहनप्रतिको विरोध आदि लगायत धेरै घटनाहरू साक्षी छन् की सरकारले स्वतन्त्र पूर्व सुसूचित सहमतिको प्रक्रिया नअपनाई विकास निर्माणको नाम्मा मानवअधिकारको उल्लंघन गरिरहेको छ ।

सरकार तथा राज्यसंग सेना, प्रहरी, नोकरशाह र आधिकारिक सरकारी, अर्धसरकारी तथा संवैधानिक निकायहरू, सत्तारूढ राजनीतिक दलहरू र तिनीहरूका अनुयायीहरू कठोर राज्यपक्ष संगै रहेने कुरा ज्ञात भएको कुरा हो ।

**साथै प्राकृतिक स्रोतहरू :** जल, जमिन, जंगल लगायत जलवायुमा आदिवासी जनजातिको विशिष्ट अधिकारहरू रहन हुन्न भन्ने पक्षधरहरू र आदिवासी जनजातिको आत्मीय, धार्मिक तथा साँस्कृतिकसहित समस्त आदिवासी जनजातिको जिवन निर्वाह शैली र समस्त सामाजिक प्रणाली पुख्यौली जमिन, जल, जंगलसंग अन्योन्याश्रीत रहेको कुराप्रति अनभिज्ञ र सचेत नभएका वर्गहरू पनि स्वतन्त्र पूर्व सुसूचित सहमतिको अधिकारहरू कार्यान्वयन गर्न गराउनमा तात्कालिक चुनौती रही आएको छ ।

## १०. **आदिवासी जनजातिका चुनौतिहरू सामना गर्ने उपायहरू :**

माथि उल्लेख गरिएका चुनौतिहरूको सामना गर्न प्राथमिकताकासाथ निम्न पहलहरू गर्न आवश्यक देखिन्छ ।

१. सम्पूर्ण आदिवासी जनजातिहरूको पहिचान हुनुपर्दछ । यसको लागि नेपाल सरकारको मंत्रीपरिषदको निर्णयबाट गठित आदिवासी जनजाति सूचि परिमार्जन उच्चस्तरीय कार्यदलको प्रतिवेदनलाई मंत्रीपरिषदमा पेश गरी स्विकृत गर्न लगाउनुपर्ने । यसमा सिफारिस गरिएका ८१ जातीय समुदायहरू आदिवासी जनजातिको सूचीमा पर्नेछ ।

२. ८१ भन्दा बाहिर रहेका सूचीउन्मुख समुदायहरूको समेत उपयुक्त संयत्र राज्यपक्षबाट निर्माण गरी सम्पूर्ण आदिवासी जनजातिको पहिचान कार्य सम्पन्न गर्नुपर्ने ।

३. तत्काल नेपाल आदिवासी जनजाति महासंघले सूचीउन्मुख रहेका सबै जातीय समुदायका संस्थाहरूलाई सदस्यता प्रदान गरी संगठित गर्नुपर्ने ।

४. संगठित स्वरूपको नेपाल आदिवासी जनजाति महासंघको नेतृत्वमा एक स्वतन्त्र पूर्व सुसूचित सहमतिको अधिकार सुनिश्चित गर्न गराउन संयत्रको निर्माण गर्ने । उक्त संयत्रको तह वडा, गाविस, जिल्ला, इलाका, संघीय/प्रान्तीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरसम्म विस्तार गर्ने ।

५. यस संयत्रलाई समावेशी, समन्यायीक, पारदर्शी, विभेदरहीत र सशक्तीकृत बनाउनु पर्ने ।

६. यस संयत्रको कार्यक्षेत्र, कार्यविधि र कार्यसंचालनका विस्तृत विवरण सूचिउनमुख आदिवासी जनजाति समुदायसहित एक जाति दुई प्रतिनिधि (१ महिला र १ पुरुष) को अवधारणालाई अंगीकार गरी



अन्यको हकमा नेपाल आदिवासी जनजाति महासंघद्वारा प्रकाशित स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी कार्यान्वयन संयन्त्र निर्माण निर्देशिका-२०७० मा प्रस्ताव गरिए अनुरूप गरिनुपर्ने ।

## ११. **स्वतन्त्र, पूर्व सुसूचित सहमति को प्रस्तावित संयत्रको संरचना :**

१. यस संयत्रको संरचना निम्न अनुसार प्रस्ताव गरिएको छ ।

१. नेपाल आदिवासी जनजाति महासंघको प्रतिनिधि : २ (म. र पु.) महासंघले महिला प्रतिनिधि राष्ट्रिय आदिवासी जनजाति महिला महासंघबाट माग गरी पठाउनुपर्ने छ ।

२. सूचीउन्मुख आदिवासी जनजातिको प्रतिनिधि : २ (म.र पु.)

३. आदिवासी जनजाति युवा महासंघको प्रतिनिधि : २ (म. र पु.)

४. आदिवासी जनजाति विद्यार्थी महासंघको प्रतिनिधि : २ (म.र पु.)

५. विषयगत विज्ञहरू जस्तै :
(क) भूमी तथा भौगोलिक क्षेत्रहरू
(ख) जलस्रोत परियोजना प्रभाव
(ग) जंगल, जैविक विविधता तथा जलवायु परिवर्तन
(घ) शिक्षा, संस्कृति तथा मनोरञ्जन
(ङ) परम्परा तथा प्रथाजनित संस्था तथा कानून
(च) खाद्य, आवास तथा स्थास्थ्य अधिकार
(छ)रोजगार तथा आर्थिक अवसर
(ज) क्षमता अभिवृद्धि तथा मानवसंसाधन व्यवस्थापन
(झ)लैंगिक समानता तथा सामाजिक समावेशिता
(ञ) द्वन्दरूपान्तरण तथा शान्ति निर्माण

(ट) आदिवासी जनजाति कानूनी व्यवसायीहरूको प्रतिनिधि

६. आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको प्रतिनिधि : १

७. आदिवासी जनजाति वरिष्ठ नागरिक संघको प्रतिनिधि : २

८. आदिवासी जनजाति बालबालिका संघको प्रतिनिधि : २

९. आदिवासी जनजाति अपाङ्ग संघको प्रतिनिधि : २ (म.र पु.)

१०. आदिवासी जनजाति तेस्रोलिङ्गि संघको प्रतिनिधि : १

नोटः सूचीउन्मुख सबै समुदायहरू नेपाल आदिवासी जनजाति महासंघमा आवद्ध भएको अवस्थामा सूचिउन्मुखको प्रतिनिधि रहने छैन ।

२. संयत्रको प्रतिनिधित्व बुँदा ११ लाई कायम गरी सूचिउनमुख आदिवासी जनजाति समुदायसहितको प्रतिनिधिको अवधारणालाई अंगीकार गरीएको कार्यक्षेत्र, कार्यविधि र कार्यसंचालनका विस्तृत विवरण नेपाल आदिवासी जनजाति महासंघद्वारा प्रकाशित स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी कार्यान्वयन संयन्त्र निर्माण निर्देशिका-२०७० मा प्रस्ताव गरिए अनुरूप गरिनुपर्ने ।



# *** धन्यवाद ***